# कालीगण्डकी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
स्थापित २०७३

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति :- २०७९/०५/२७

प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा तपसील अनुसार रोजगार सहायक पदको खुला प्रतिष्पर्धा बाट करारमा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका ईच्छुक उम्मेद्वारहरुबाट यो सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र दरखास्त आह्वान गरिएको छ ।

तपसील :

| क्र.स | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १/२०७९-८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ |

१. आवश्यक न्युनतम योग्यता र अनुभव :-

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उर्त्तीण गरेको ।

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

२. दरखास्त दिने स्थान :- कालीगण्डकी गाउँपालिका, प्रशासन /रोजगार शाखा

३. दरखास्त दिने अन्तिम मिति :- २०७९/०६/११

४. आवेदन दस्तुर :- रु ५००/- (रु पाँच सय मात्र)

५. छनौटको किसिम :- **प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा**

प्रारम्भिक योग्यताक्रम छनौटमा देहाय बमोजिम अंकभार रहनेछ ;

क. न्युनतम योग्यताको प्रतिशत - ७० अंकभार

ख. न्युनतम योग्यता भन्दा माथिल्लो योग्यताको प्रतिशत - १० अंकभार

ग. अनुभव - प्रति वर्ष २ अंकको दरले अधिकतम १० अंकभार (तर अनुभव सम्बन्धी व्यवस्था श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७९/०४/२२ को पत्रव्योहोरा अनुसार नेपाल सरकारद्वारा सञ्चालित कार्यक्रम वा स्थानीय तहमा काम गरेको सोही पद वा एक तह मुनीको पदमा काम गरेको अनुभव मात्र मान्य हुनेछ) ।

घ. स्थानीय वासिन्दा - १० अंकभार

६. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :-

क. नागरिकताको प्रतिलिपी

ख. न्युनतम योग्यताको लब्धाङ्क र चारित्रिक प्रमाण पत्र

ग. अनुभव भए (बुँदा नं ५ को (ग) बमोजिमको) सो को कागजात

घ. तालिमको प्रमाणपत्र

ङ. ३ प्रति PP साइज फोटो

७. सेवा सुविधा तथा अन्य :- स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

८. आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

..................

...णी पाण्डे
...अधिकृत